# यस्ता छन् दलका घोषणापत्रमा पर्यटन विकासका खाका

काठमाण्डौं, वैशाख २२ गते ।
कोरोनाको महामारीले सबैभन्दा बढी असर पारेको मुलुकको पर्यटन क्षेत्र विस्तारै तंग्रीदै छ । अहिले विदेशी पर्यटकको आगमन पनि क्रमशः बढिरहेको छ । राजधानी काठमाडौंसहित प्रमुख पर्यटकीय गन्तव्यमा पर्यटकको चहलपहल बढ्नाका साथै भरिभराउ पनि भएका छन् ।नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्यांकअनुसार अप्रिल महिनामा मात्रै ५८ हजार ३ सय ४८ विदेशी पर्यटक नेपाल भित्रिएका छन्, जुन अघिल्लो वर्षको सोही महिनाको तुलनामा १ सय ६० प्रतिशतले वृद्धि हो । सन् २०२१ को अप्रिल महिनामा २२ हजार ४ सय ५० विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । यस वर्षको अप्रिल महिनाको पर्यटक आगमन कोरोना महामारीपछि सबैभन्दा बढी हो । यस वर्षको सुरुआती महिनादेखि निरन्तररूपमा विदेशी पर्यटकको आगमन बढिरहेको छ ।

सन् २०२२ को जनवरीमा १६ हजार ९ सय ७५, फेब्रुअरीमा १९ हजार ७ सय ६६ र मार्च महिनामा ४२ हजारभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपालमा हिमाल आरोहणको याम भएकाले पनि विदेशी पर्यटक बढेका हुन् । यतिखेर पर्वतारोहण र पदयात्राको उपयुक्त बेला भएकाले पनि विदेशी उल्लेख्य संख्यामा आइरहेका छन् । पर्यटन विभागका अनुसार सगरमाथासहित हिमाल आरोहणका लागि ११ आरोही समूहका ८ सय ९९ आरोहीले आरोहण अनुमति लिएका छन् । सन् २०२१ मा डेढ लाख विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । सन् २०२० मा दुई लाख ३० हजार र सन् २०१९ मा ११ लाख ९७ हजार १ सय ९१ विदेशी पर्यटक भित्रिएका थिए । यो वृद्धि १२दशमलव पाँच प्रतिशतले भएको थियो ।

पन्ध्रौँ पञ्चवर्षीय योजनामा पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारका रूपमा लिइएको छ । नेपालले विश्वकै आकर्षक गन्तव्य विकास र गुणस्तरीय पर्यटन सेवा दिने नीति लिएको छ ।

स्थानीय तहको निर्वाचन देशभर यही वैशाख ३० गते हुँदैछ । स्थायी सरकारको महत्वपूर्ण संरचना जनतासँग प्रत्यक्ष जोडिने भएकाले पनि स्थानीय तहको चासो स्वभाविक हुन्छ । सोही निर्वाचनलाई लक्ष्य गरेर राजनीतिक दलले आ-आफ्ना निर्वाचनको घोषणापत्र सार्वजनिक गरेका छन् ।

देशको अर्थतन्त्रको दरिलो आधारका रूपमा रहेको पर्यटनलाई प्रमुख राजनीतिक दलले पनि उच्च प्राथमिकता दिएर आगामी रणनीतिहरू बनाएका छन् । उनीहरुले पर्यटन क्षेत्रलाई राष्ट्रिय आयआर्जनको एक महत्वपूर्ण स्रोतका रूपमा अघि बढाउन उच्च प्राथमिकता दिएका हुन् । नेपाललाई विशिष्ट पर्यटकीय गन्तव्यका रूपमा स्थापित गरी जनताको जीवनस्तर उकास्ने र राष्ट्रिय आयआर्जनको एक महत्वपूर्ण स्रोतका रूपमा यसलाई अघि बढाउन उच्च प्राथमिकता दिइने दलको प्रतिबद्धता छ ।

नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादीलगायत पार्टीले आ-आफ्नो चुनावी घोषणपत्रमार्फत पर्यटन प्रवर्द्धन महत्वकांक्षी योजना अघि सारेका हुन् ।

**नेकपा एमाले :** मौलिक कला, संस्कृति र पर्यटनबाट समृद्धिको अवधारणा ल्याएको नेकपा (एमाले)ले तिनको जगेर्ना गर्दै स्थानीय पहिचानका क्षेत्रलाई अभिवृद्धि गर्ने र पर्यटनको विकासमार्फत रोजगारी र समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । प्रत्येक पालिकाको गौरवका प्राकृतिक र सांस्कृतिक विषय छनोट र विकास गर्ने भनिएको छ । पर्यटकीय प्राकृतिक सम्पदा संरक्षण, ऐतिहासिक र सांस्कृतिक सम्पदाको प्रवर्द्धन, मानव निर्मित पर्यटकीय वस्तुको विकास, मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण गरिने जनाइएको छ । सम्बन्धित पालिकाका र मुलुककै सांस्कृतिक पहिचान र गौरवको रक्षा गर्ने, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदा एवं स्थानीय मेला, पर्व एवं जात्राको संरक्षण र व्यवस्थापन गर्ने एमालेको घोषणापत्रमा लेखिएको छ ।

प्राकृतिक पर्यावरणीय, साहसिक आरोग्य सेवा, धार्मिक, सांस्कृतिक, कृषि तथा मनोरञ्जन पर्यटन क्षेत्रको पहिचान, प्रवर्द्धन, विकास र संरक्षण गर्ने, जैविक र पर्यावरणीय विविधतासहितको 'इको टुरिजम'को संरक्षण र विकास गर्ने एमालेको नीति छ । प्रत्येक वडामा बगैंचा तथा उद्यानको विकास तथा व्यवस्थापन गर्ने, पालिकाहरुमा पर्यटन प्रवर्द्धनका लागि होटल, रेष्टुरेन्ट, घरबास खोल्न प्रोत्साहन गरिने उल्लेख छ । पदमार्ग, पर्यटन सूचना केन्द्र पर्यटन प्रहरीको विकास, केबुलकार, प्याराग्लाइडिङ, बञ्जीजम्प, र्‍याफ्टिङ, हटएयर बेलुन, हेलिप्याडलगायत पूर्वाधार तथा सेवा सुविधाको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने योजना पनि एमालेको छ ।

**नेपाली कांग्रेस :** नेपाली कांग्रेसले पर्यटनबाट समुन्नत राष्ट्र बनाउन प्रशस्त आधार भए पनि अपेक्षित लाभ लिन नसकिएको अवस्थामा एकीकृत र व्यवस्थित विकाससँगै आगामी दशकमा यस क्षेत्रबाटै देशको अर्थतन्त्रमा अगुवाइ गराउने लक्ष्य लिएको छ । नेपाललाई विशिष्ट पर्यटकीय गन्तव्यका रूपमा स्थापित गरी जनताको जीवनस्तर उकास्ने र राष्ट्रिय आयआर्जनको एक महत्वपूर्ण स्रोतका रूपमा अघि बढाउन उच्च प्राथमिकता दिइने कांग्रेसको घोषणापत्रमा उल्लेख छ । कांग्रेसले पर्यटकलाई बचाउन, फर्काउन र फैलाउनका लागि गन्तव्य प्रवर्द्धन, गुणस्तरीय पूर्वाधार विकास, विस्तार र स्तरोन्नति गर्ने, नयाँ पूर्वाधारको निर्माण गर्दा स्थानीय पहिचान झल्किने बनाउने लक्ष्य लिएको छ । विशिष्ट सांस्कृतिक सम्पदाहरू र परम्परागत तथा पुरातात्विक महत्वका सामग्री संकलन गरी हरेक स्थानीय तहमा कम्तीमा एउटा संग्रहालय निर्माण र वातावरणमैत्री व्यवसायका रूपमा पर्यटन प्रवर्द्धन गरिने कुरा पनि उल्लेख छ ।

आकर्षक गन्तव्य र गतिवधिहरूको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्नाका साथै उनीहरुसँग सहकार्य गर्ने, स्थानीय तथा बाह्य लगानीकर्तालाई पर्यटकीय गन्तव्य निर्माण र गतिविधि सिर्जना गर्नका लागि लगानीमा प्रेरित गर्ने बताइएको छ । पर्वतारोहण, पदयात्रा, जलयात्रा, जङ्गल सफारीजस्ता जोखिमयुक्त गतिविधिमा काम गर्ने जनशक्तिको जीवनलाई सहज र सुरक्षित बनाउने, परम्परागत शैलीमा निर्माण गरिएका घर संरक्षण तथा त्यस्तै शैलीमा नयाँ घर निर्माण गर्न खोज्ने स्थानीयवासीलाई सहुलियतको व्यवस्था गर्ने भनिएको छ ।

**नेकपा (माओवादी केन्द्र) :**
माओवादी केन्द्रले पनि आफ्नो घोषणापत्रमा पर्यटन प्रवर्द्धनको नीति अघि सारेको छ । पर्यटनको प्रतिफल गाउँ-गाउँमा पुर्‍याउन, नयाँ पर्यटकीय गन्तव्यको पहिचान गर्न र पर्यटकीय पदमार्गको विस्तार तथा पर्यापर्यटनको विकासमा जोड दिइने घोषणापत्रमा उल्लेख छ । घरबासलगायत पर्यटनमैत्री वस्तु उत्पादन गरी आयआर्जनमा टेवा पुर्‍याइने तथा पर्यटनबाट हुने आयको न्यूनतम ५० प्रतिशत सम्बन्धित स्थानीय तहमै खर्च गर्ने नीति लिइएको छ ।

**जनता समाजवादी पार्टी** : जनता समाजवादी पार्टीले हरेक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाले सम्भाव्यताका आधारमा प्राकृतिक-पर्यावरण तथा धार्मिक क्षेत्रको संरक्षण ताल तथा नदीजन्य पदार्थको सही उपयोग, होमस्टे र पदयात्रा पर्यटनको विस्तार गर्दै पाँचवर्षे कार्ययोजनाका आधारमा निश्चित सङ्ख्याका स्वदेशी र विदेशी पर्यटक भित्र्याउने कार्यक्रम बनाउने नीति लिएको छ ।

पर्यटक आकर्षित गर्ने होटल तथा रिसोर्ट तथा अन्य सेवा प्रदान गर्ने उद्यमीलाई पहिलो पाँच वर्षसम्म आयकरमा ७५ प्रतिशत छुट दिइने बताइएको छ । होमस्टे सञ्चालन गर्न चाहने महिलाको समूहका लागि ५० लाख रुपैयाँसम्म लिएको ऋणको पाँच प्रतिशतभन्दा बढी ब्याजमा अनुदान दिइने भनिएको छ ।

**लोकतान्त्रिक समाजवादी पार्टी**
लोकतान्त्रिक समाजवादी पार्टीले थप पर्यटकीयस्थलको पहिचान, पूर्वाधार निर्माण एवं प्रचार-प्रसार गर्ने योजना बनाएको छ । प्राकृतिक सुन्दरता र सांस्कृतिक सम्पन्नताको कारणले नेपालको हरेक पालिकाको कुनै न कुनै विशेषता रहेकाले उक्त दलले पर्यटकीयस्थलको पहिचान गर्ने र पर्यटनलाई पालिकास्तरसम्म नै लैजान विशेष व्यवस्था गर्ने योजना बनाएको छ ।

ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्वका थप स्थलको प्रवर्द्धन गरिनेछ ।

नयाँ पहिचान भएका पर्यटकीय महत्वका स्थलको विकासका लागि आवश्यक सडक र अन्य पूर्वाधारको निर्माण गर्ने उद्देश्य लिइएको छ । पर्यटकीय स्थलको प्रचार-प्रसारका लागि वेबसाइट र अन्य सामाजिक सञ्जालको प्रयोग गरिनेछ । रासस

## तालिमपछि....

तालिम सञ्चालन गर्ने योजना उपमहानगरको छ । 'यो छोटो अवधिको कार्यक्रम हो, अब उनीहरूमध्येबाट जो जो सफल हुँदै जानुहुन्छ, थप क्षमता अभिवृद्धि गर्दै जाने र व्यावसायिक योजना पनि बनाइदिने छौँ', प्रमुख सुवेदीले भने । रासस

## वैशाख.......

'एम्बुलेन्स दमकल चल्छन्, दुध, तरकारीका गाडी चल्छन्, पत्रकारहरुले अनुमति लिएर हिँड्न पाइन्छ', प्रवक्ता पौडेलले भने ।

त्यस्तै आयोगले भारत र चीनसँग जोडिएका सीमा नाका तीन दिन बन्द गर्न भनेर सरकारलाई पत्र पठाएको छ । वैशाख २७ गते राति १२ बजेदेखि अन्तर्राष्ट्रिय सीमाबाट हुने आवतजावत बन्द गर्न सरकारलाई पत्र पठाएर भनेको प्रवक्ता शर्माले जानकारी दिए ।

## लागुऔषध....

झोलामा लुकाईछिपाई राखेको ५ केजी प्रतिवन्धित लागुऔषध गाँजा बरामद भएको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए । लागुऔषध ओसारपोसार कार्यमा प्रयोग गरेको मोटरसाईकलसहित किसुनदेवलाई नियनत्रणमा लिई लागुऔषध शिर्षक मुद्दामा म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## जनकपुरमा दलका.............

को स्थानीय निर्वाचनमा मेयरका लागि कांग्रेसले दिगम्बर रायलाई टिकट दिएपछि कांग्रेसमा विद्रोह भयो । मेयरमा वृषेशचन्द्र लाल र उपमेयरमा लालकिशोर साहले उम्मेदवारी दिए । दुबै स्वतन्त्र उम्मेदवारले त्यो चुनाव जिते । २०५४ सालमा पनि त्यही भयो । कांग्रेसले दामोदरप्रसाद उपाध्यायलाई टिकट दिंदा स्वतन्त्र उम्मेदवारी दिएका बजरंगप्रसाद साहले मेयरको चुनाव जिते । विद्रोहीलाई अनुमोदन गर्ने विगतका कारण स्वतन्त्र उम्मेदवार यो पटक उत्साहित छन् । नागरिक अगुवा भोगेन्द्र झा भने चुनावमा उम्मेदवार उत्साहित भएपनि आम नागरिकमा उत्साह नदेखिएको बताउँछन् ।

लोकतन्त्रमा नेताभन्दा नागरिकलाई बढी जागरुक बन्नुपर्नेमा त्यो अवस्था नदेखिएको उनको भनाइ छ । जनकपुरधाममा अस्वस्थ प्रतिस्पर्धा भइरहेको भन्दै उनी भन्छन्, 'चुनावमा केही जातीय अंश देखिनु मानवीय स्वभाव भएपनि यसले राजनीतिलाई उपभोगभन्दा दुरुपयोग गर्छ । जनकपुरमा त्यही भइरहेको छ ।' जनकपुरधाममा २०७४ सालमा ७५ हजार ५ सय ९४ रहेका मतदाता अहिले ८६ हजार ७ सय ६९ पुगेका छन् ।


Province Government
Madhesh Pradesh
Ministry of Social Development

## Province Hospital Jaleshwor

**Jaleshwor , Mahottari**

**Invitation for Quotations**

*Date of publication: 6th May, 2022*

1. **Province Hospital Jaleshwor, Jaleshwor, Mahottari invites** sealed Quotation of Works as specified in clause no.6 .
2. Eligible Bidders may obtain further information at the office of **Province Hospital Jaleshwor, Jaleshwor, Mahottari (Telephone: (9844114986) .**
3. A complete set of Bidding Documents may be purchased from the office **Province Hospital Jaleshwor, Jaleshwor, Mahottari** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee indicated below till office hour 20th May 2022. Bidders should deposit the cost as specified in clause no. 6 of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya banijya bank, Mahottari
   Name of Office: **Province Hospital Jaleshwor, Jaleshwor , Mahottari**
   Office Code no. :3500018012 Office Account no: 1000200010000
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Sealed must be submitted to the office of **Province Hospital Jaleshwor, Jaleshwor, Mahottari** on or before
   **12 hrs** on **20th May, 2022.** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13 hrs on 22h May, 2022 at the office of Province Hospital Jaleshwor, Jaleshwor , Mahottari. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security to a minimum of as specified in clause no. 6, which shall be valid for 30 days beyond the validity period of the bid. The bid security may either be in the form of a bid security issued by an authorized bank (A class commercial bank); or a bank voucher issued by **Rastriya banijya bank, Mahottari** certifying that the below security amount is deposited at the **bank account no. 1270100202030000**
6. "The Works":

| S. N. | Contract No. | Description of Works | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Estimated Amount NRS (With Vat) |
|---|---|---|---|---|---|
| 1 | PHJ/ QTN-1 | Construction of Postmorteum Building, Jaleshwor | 1000 | 50000 | 19,53,529.69 |

**Division Chief**



## सूचना ! सूचना !! सूचना !!!

मधेश प्रदेश सरकार, महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय, जनकपुरधाम धनुषाको वित्तीय सहयोगमा सना ओरियन्टेसन एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. पोखराद्वारा आ.व. ०७८।०७९ को मिति २०७९/०२/०१ देखि सञ्चालन हुन लागेको निम्न विषयहरुको तालिम सिक्न चाहने ईच्छुक नेपाली महिलाहरुले तपसिल बमोजिमका कागजातहरुका साथ आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| तालिम प्याकेज नं. | तालिमको विषय | अवधी | आवश्यक संख्या | योग्यता | तालिम संचालन हुने स्थान | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|---|
| २० | गुडिया वनाउने | ३९० घण्टा | २० जना | साधारण लेखपढ | निजगढ | अभिषेक कार्की/ ९८०५३९८७४४ |
| २१ | गुडिया बनाउने | ३९० घण्टा | २० जना | साधारण लेखपढ | वर्दिवास | अभिषेक कार्की/ ९८०५३९८७४४ |
| २२ | गुडिया वनाउने | ३९० घण्टा | २० जना | साधारण लेखपढ | गौर | अभिषेक कार्की/ ९८०५३९८७४४ |

**आवश्यक कागजातहरु :-** नागरिकता प्रमाण-पत्रको प्रतिलिपि, ३ प्रति पासपोर्ट साईजको फोटो ।
**उमेर :-** १६ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
**फाराम पाईने स्थान :-** संस्थाको सम्पर्क कार्यलय साथै इमेल मार्फत पनि फारम भर्न सकिने छ (soatc2072@gmail.com)
**फाराम भर्ने अन्तिम मिति :** २०७९/०१/२९
**अर्न्तवार्ता मिति :-** २०७९/०१/३१
**सम्पर्क व्यक्ति र फोन नं :-** अभिषेक कार्की/९८०५३९८७४४
**तालिम शुरु मिति :** २०७९/०२/०१